# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।१०।२०

## प्रेस विज्ञप्ति

फोटो खिचेको निहुँमा नयाँ पत्रिका दैनिकका सौरभ यादवलाई प्रहरी हवल्दार देवेन्द्र यादवले दुर्व्यवहार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही माघ १८ गते सप्तरी जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका-१ स्थित राजविराज भन्सार कार्यालय अगाडि प्रहरीले एक व्यापारीसँग रकम लिँदै गरेको फोटो खिच्दा प्रहरीले पत्रकार यादवलाई १५ मिनेट नियन्त्रणमा समेत लिएको महासंघको मधेस प्रदेश समितिले जनाएको छ ।

पेशागत धर्म निर्वाहका क्रममा पत्रकारमाथि प्रहरीबाट भएको यो व्यवहारलाई महासंघले अत्यन्त निन्दनीय प्रेसविरोधी कदमका रुपमा लिएको छ । महासंघ आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन र दोषीलाई कारबाही गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org